# लिसंखु पाखर गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ लाई संशोधन गर्न बनेको कार्यविधि

गाउँ कार्यपालिकाबाट पारित मिति २०७६।१०।१६
प्रमाणित मिति २०७६/१०/१९

प्रस्तावना : लिसंखु पाखर गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लिसंखु पाखर गाउँ कार्यपालिका बैठकले यो कार्यविधि संशोधन गरी पारित गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “लिसंखु पाखर गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६” रहेको छ ।

२. **लिसंखु पाखर गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा ३ को उपदफा ४ मा संशोधन** : लिसंखु पाखर गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ (यसपछि “मूल ऐन” भनिएको) को दफा ३ को उपदफा ४ को सट्टा देहायको उपदफा ४ राखिएको छ :
“उपदफा (२) र (३) मा जे सुकै लेखिएको भएता पनि यस अघि नियमानुसार निकायमा दर्ता भै प्रमाणपत्र नलिएको वा विभिन्न कारणले नविकरण समयभित्र हुन नसकेका फर्म/कम्पनिले नविकरणको लागि निवेदन दिएमा कार्यविधि प्रथम संशोधनको मितिले १ वर्षभित्र (२०७७/१०/१५ भित्र) प्रथम पटक स्वीकृत भएको मितिबाट वार्षिक नविकरण दस्तुर र थप विलम्ब दस्तुरमा ५०% थप गरी ५०% जरिवाना लिई एक पटकको लागि संस्था नियमन गरि दिन सकिने छ ।”

३. **मूल ऐनको अनुसुची २ मा संशोधन** : मूल ऐनको अनुसुची २ को सट्टा देहायको अनुसुची २ राखिएको छ :

| अनुसूची - २ | | | | | |
|---|---|---|---|---|---|
| कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित | | | | | |
| क्र.सं. | निर्माण व्यवसायी को वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप विलम्ब दस्तुर (एक आर्थिक वर्षको) | ईजाजतपत्र प्रतिलिपी दस्तुर |
| १ | **घ** | रु. ८०००।०० | रु. ५०००।०० | रु. २०००।०० | रु. ५००।०० |
| | | | | | |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ बमोजिम का दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउदा ईजाजतपत्र नवीकरण दस्तुर महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ। म्याद नघेपछि आएमा थप विलम्ब दस्तुर समेत तिर्नुपर्ने छ।

४. **<u>मूल ऐनको अनुसुची ५ मा संशोधन</u>** : मूल ऐनको अनुसुची ५ को द्रस्टव्य १ को सट्टा देहायको द्रस्टव्य १ राखिएको छ :

“द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ । साथै उक्त कम्पनिको आफ्नै स्वामित्वका ३ (क) को उपकरण नभएमा कम्तिमा २ वर्ष प्रयोग गर्ने गरी भएको सम्झौताको प्रति पेश गर्नु पर्नेछ । अन्य उपकरणको हकमा आफ्नै स्वामित्वमा उक्त उपकरण हुनु पर्नेछ ।

”

आज्ञाले,
पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत